फूङलिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फुङलिङ, ताप्लेजुङ
२०७३

प.सं.- २०७९/८० (१ नं. प्रदेश नेपाल)
च.न. १६८ मितिः २०७९/५/५

बिषयः- **जानकारी सम्वन्धमा ।**

श्री फुङलिङ नगरपालिका १ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका २ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ३ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ४ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ५ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ६ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ७ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ८ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ९ नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका १० नं. वडा कार्यालय,ताप्लेजुङ ।
श्री फुङलिङ नगरपालिका ११ नं. वडा कार्यालय,ताप्लेजुङ ।

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङको च.नं. ३७ मिति २०७९/५/१ गतेको पत्रबाट प्राप्त सूचना यसै पत्र साथ सम्लग्न रहेको हुदाँ उक्त सूचना तहाँ वडा कार्यालयमा टाँस गरी सबैलाई जानकारी गराई दिन हुन अनुरोध छ ।

...............................
(तिलोचन रिमाल)
प्रमुख प्रशासकीय अधिकृत

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख कार्यालय सम्पर्क: ☎.०२४-४६१०६६, प्रमुख प्रशासकीय अधिकृत कार्यालय सम्पर्क: ☎.०२४-४६०११४
नगर उपप्रमुख कार्यालय सम्पर्क: ☎.०२४-४६१०६७, email: info@taplejungmun.gov.np प्रशासन शाखा नं. ०२४-४६०७२४

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## निर्वाचन आयोग, नेपाल

**स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रकाशन मिति २०७९।५।१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

निर्वाचन आयोग नेपाल

# जिल्ला निर्वाचन कार्यालय

फुङलिङ, ताप्लेजुङ

पत्र संख्याः- ०७९/०८०

चलानी नं.- 36

मितिः २०७९/०५/०१

विषयः सूचना टाँस गरि मुचुल्का गरिदिने सम्वन्धमा।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
श्री फुङलिङ नगरपालिका, ताप्लेजुङ ।
श्री आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ ।
श्री पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ ।
श्री फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ ।
श्री मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ ।
श्री मेरिङदेन गाउँपालिका, ताप्लेजुङ ।
श्री मैवाखोला गाउँपालिका, ताप्लेजुङ ।
श्री सिदिङवा गाउँपालिका, ताप्लेजुङ ।
श्री सिरीजंघा गाउँपालिका, ताप्लेजुङ ।

प्रशासन
५/५

फुङलिङ नगरपालिका
दर्ता नं. ५४१
दर्ता मिति २०७९/५/१२

प्रस्तुत विषयमा स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा तहाँ स्थानीय तहवाट उम्मेदवार भई निर्वाचन खर्चको विवरण पेश गरेका र नगरेका उम्मेदवारहरुको विवरण, स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धि सूचना, स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको नाउमा सात दिनभित्र सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धि सूचना र सूचना टाँसको मुचुल्का (विधुतिय प्रति समेत), निर्वाचन आयोग नेपालको च.नं. ६२ मिति २०७९/०५/०१ को पत्र समेत यसै पत्र साथ राखि पठाईएको छ । उक्त सूचनाहरु तहाँ कार्यालयको website तथा सूचना पाटीमा टाँस गरी रित पूर्वक मुचुल्का बनाई यस कार्यालमा पठाउनु हुनका साथै निर्वाचन खर्चको विवरण प्रमुख/उप-प्रमुख/अध्यक्ष/उपाध्यक्षका उम्मेदवारहरुले सम्वन्धित पालिकाको कार्यालयमा र वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले सम्वन्धित वडा कार्यालयमा सार्वजनिक गरेको विवरण समेत यस कार्यालयमा सात (७) दिन भित्र पठाईदिन हुन निर्देशानुसार अनुरोध छ ।

(२०७९/०५/०१)
(दिनेश खनाल)
जिल्ला निर्वाचन अधिकारी

बोधार्थः
श्री निर्वाचन आयोग, नेपाल
(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)



जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङ
सम्पर्कः फोन/फ्याक्स नं.- ०२४-४६०१०१/९८५२६६०१०१, E-Mail: electiontaplejung@gmail.com, taplegdeo@gmail.com, Facebook: हेल्लो जि.नि.का.ताप्लेजुङ

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सावर्जनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टीमा टास गरिएको र सो कार्यालयको वेवसाईटमा समेत राखिएको हुदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

.......................... कार्यालय/गाउँपालिका/नगरपालिका

ताप्लेजुङ

**स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धि सूचना टाँस गरेको मुचुल्का**

..................... जिल्लाको..................... गाउँपालिका/नगरपालिका वडा नं. ..... कार्यालयको सूचना पाटीमा निर्वाचन आयोग/ जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङ बाट प्राप्त स्थानीय तह सदस्य निर्वाचन, २०७९ को निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धि सूचना तथा उम्मेदवारहरुको विवरण आज मिति ..................... का दिन .......... बजे हामी तपसील बमोजिमका मानिसहरुको रोहवरमा देहायको विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको साँचो हो भनी मुचुल्कामा सहीछाप गरिदियौं ।

**तपसिल**

१. श्री ..........................................................................................

२. श्री ..........................................................................

३. श्री ...........................................................................

४. श्री ......................................................................................

५. श्री ...............................................................................

६. श्री ....................................................................................

७. श्री ..................................................................................

८. श्री ..............................................................................

मुचुल्का गर्ने कर्मचारीको,-

मिति :-

समय :-

दस्तखत :-

नाम, थर :-

दर्जा :-.

.............................

जिल्ला निर्वाचन अधिकारी/प्रमुख प्रशासकीय अधिकृत